# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः १७ जुलाई २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदी भोलि पश्चिम बंगालको भ्रमणमा आउनु हुनेछ, जहाँ उहाँले पाँच हजार करोड रुपियाँभन्दा बढी मूल्यका विभिन्न विकास परियोजनाहरूको शिलान्यास र उद्घाटन गर्नुहुनेछ।

२. मुख्यमन्त्री ममता ब्यानर्जीले केन्द्रको असहयोगी मनोवृत्तिका कारण धैरै महत्त्वपूर्ण योजनाहरू समयमै पूरा हुन नसकेको आरोप लगाउनु भएको छ|

३. भाजपाका वरिष्ठ नेता दिलीप घोषले पश्चिम बंगालमा आगामी विधानसभा चुनाउपूर्व मतदाता सूचीको व्यापक जाँच गर्ने माग गर्नु भएको छ।

४. पहाडमा खन्दै त्यसै राखिएका ठाउँहरूमा प्राकृतिक प्रकोपको घटना हुने विषयमा केही नियम बनाउन आवश्यक रहेको जीटीए प्रमुख कार्यपाल अनित थापाले बताउनु भएको छ।

५. लङभ्यू चिया बगानको पीएफ राशि जम्मा नगरेको विषयलाई लिएर सिलगढी रिजनल पीएफ कार्यालयमा श्रमिकहरूद्वारा आज धरना प्रदर्शन गरेका छन्|

**प्रधानमन्त्री पश्चिम बंगाल भ्रमण**

प्रधानमन्त्री नरेन्द्र मोदी भोलि पश्चिम बंगालको भ्रमणमा आउनु हुनेछ, जहाँ उहाँले पांच हजार करोड रुपियाँभन्दा बढी मूल्यका विभिन्न विकास परियोजनाहरूको शिलान्यास र उद्घाटन गर्नुहुनेछ। यी परियोजनाहरू तेल तथा ग्यास, विद्युत, सडक र रेलवे क्षेत्रसित सम्बन्धित छन्। श्री मोदीले यस अवसरमा एक सार्वजनिक सभालाई पनि सम्बोधन गर्नुहुनेछ। उहाँले पश्चिम वर्धदमानको टोपसी र पाण्डेश्वरमा 380 करोड रुपियाँभन्दा बढीको लागतमा सेतु भारतम कार्यक्रम अन्तर्गत निर्मित दुई सडक ओभरब्रिजहरूको पनि उद्घाटन गर्नु हुनेछ। यी सडक ओभरब्रिजहरूद्वारा सञ्चारमा सुधार आउनेछ र रेलवे क्रसिङहरूमा दुर्घटनाहरू रोक्न मद्दत गर्नेछ।

प्रधानमन्त्री नरेन्द्र मोदी भोली बिहारको भ्रमणमा पनि जानुहुनेछ। बिहार भ्रमणको क्रममा प्रधानमन्त्रीले मोतिहारीमा सात हजार करोड़ रुपियाँभन्दा बढी लागतका विभिन्न विकास परियोजनाहरूको शिलान्यास र उद्घाटन गर्नुहुनेछ। यी परियोजनाहरू रेलवे, सडक, ग्रामीण विकास, मत्स्य उद्योग, इलेक्ट्रोनिक्स र सूचना प्रौद्योगिकी जस्ता क्षेत्रहरूसित संबद्ध छन्|

**मुख्यमन्त्री ममता ब्यानर्जी**

मुख्यमन्त्री ममता ब्यानर्जीले आज राजारहाटको नयाँ शहरमा कम आय भएका व्यक्तिहरूका लागि दुई अत्याधुनिक बहुमंजिला आवास परिसरहरूको उद्घाटन गर्नुभयो। यी परियोजनाहरूको नाम 'निजन्ना' र 'सुजन्ना' राखिएको छ, जुन विशेष रूपमा आर्थिक रूपमा कमजोर व्यक्तिहरूका लागि निर्माण गरिएको हो।मुख्यमन्त्रीले भनु भयो, राज्य सरकारले यस परियोजनाको लागि सात एकड जग्गा नि:शुल्क छुट्याएको छ, जबकि निर्माणमा कुल २९० करोड रुपियाँ खर्च गरिएको छ। दुवै आवास परिसरमा जम्मा १२१० फ्ल्याटहरू निर्माण गरिएका छन्, जुन बजार मूल्यभन्दा धैरै कम मूल्यमा मानिसहरूलाई दिइनेछ। पारदर्शिता कायम

राख्न यी फ्ल्याटहरू चिठ्ठामार्फत दिइनेछ। यस अवसरमा मुख्यमन्त्री ममता ब्यानर्जीले केन्द्र सरकारको आलोचना गर्नु हुँदै भानु भयो, केन्द्रको असहयोगी मनोवृत्तिका कारण धेरै महत्त्वपूर्ण योजनाहरू समयमै पूरा हुन सकेका छैनन्। उहाँले केन्द्रले आधारभूत आवश्यकताहरूमा पनि बिचौलिया जस्तो व्यवहार गरेको आरोप लगाउनु भएको छ। यसका साथै, उहाँले भन्नु भयो, "राज्य सरकारले बंगला आवास योजना अन्तर्गत बंगालमा अहिलेसम्म ४५ लाखभन्दा बढी घरहरू निर्माण गरिसकेको छ।"

**दिलीप घोष - मतदाता सूची जाँच**

भाजपाका वरिष्ठ नेता अनि पूर्व सांसद दिलीप घोषले पश्चिम बंगालमा आगामी विधानसभा चुनाउपूर्व मतदाता सूचीको व्यापक जाँच गर्ने माग गर्नु भएको छ। आज बिहान पत्रकारहरूसित बातचित गर्नु हुँदै उहाँले भन्नु भयो, हरेक राज्यमा भोटर लिस्टको "फिल्टरिंग प्रक्रिया" हुनुपर्छ र बंगालमा पनि यो प्रक्रिया चाँड़ै अप्नाइनुपर्छ। श्री दिलीप घोषले दाबी गर्नु भयो, पश्चिम बंगालको मतदाता सूचीमा दश प्रतिशतभन्दा अधिक नाम नक्कली छ जसमध्ये कतिपय मानिसहरू बंगलादेशबाट आएको हुसक्ने आशंका पनि छ। उहाँले भन्नु भयो, यी नक्कली नामहरूलाई हटाउन आवश्यक छ, नत्र स्वतन्त्र अनि निष्पक्ष चुनाउ सम्भव हुनेछैन। उहाँले सुझाउ दिनु भयो, हरेक असली मतदातालाई मतदान गर्ने न्यायसंगत अवसर दिनको लागि मोबाइल आधारित मतदान प्रणाली लागू हुनुपर्छ ताकि शान्तिपूर्ण र पारदर्शी चुनाउ सुनिश्चित हुन सकोस्। बिहारमा चुनाउ आयोगद्वारा संचालित मतदाता सूची संशोधन अभियानको उल्लेख गर्नु हुँदै उहाँले भन्नु भयो, बंगालमा पनि यस्तै प्रकारको प्रक्रिया अप्नाउनुपर्छ।

**भागोप्रमो सडकमा ओर्लिने**

भोटर कार्डमा हुने भनिएको स्पेशल इनटेन्सिभ रिभिजन (एसआईआर) को विरोधमा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा (भागोप्रमो) सडकमा ओर्लिने सीपीआरओ शक्ति प्रसाद शर्माले चेताउनी दिनु भएको छ। निर्वाचन आयोगको दुरुपयोग गर्दै 11 वटा कागज पत्रको खोजीतलाशी गरेर भाजपाले बङ्गला र नेपाली भाषीहरुलाई विदेशी बनाउने षडयन्त्र गरिरहेको उहाँले गम्भीर आरोप पनि लगाउनु भएको छ।राष्ट्रिय चुनाउ आयोगको दुरुपयोग र चुनाउ केन्द्रित भाजपाको उद्देश्यप्रति पहाडवासी जागरुक हुनपर्ने आह्वान गर्दै उहाँले 28 जुलाई सुप्रीम कोर्टको सुनवाई एवं फैसलापछि कार्यसूची अनुसार भागोप्रमो सडक आन्दोलनमा ओर्लिने उहाँले बताउनु भएको छ।

**ढुङ्गाको चपेटमा दुईजनाको मृत्यु**

दार्जिलिङ पुलबजार खण्ड अधीनस्थ गोक एक ग्राम पञ्चायतको लोवर गोकमा हिजो माथिबाट ढुङ्गा झर्दा यसको चपेटमा परेर दुईजनाको दु:खद निधन भएको छ। घटनाअनुसार लोवर गोक जामुने नजिकैको जंगलमा खाने पानी बनाएर फर्किने क्रममा एकास्सी माथिबाट ढुङ्गा खसेपछि उक्त दु:खद घटना घटेको बताइएको छ। ढुङ्गाले चेप्टिएर लगभग 29 वर्षीय प्रनिल जोगीको घटनास्थलमै ज्यान गएको तथा ढुंगाले लागेर गम्भीर रूपमा घाइते बनेकी स्थानीय छ वर्षीय छोरी सामान्त सुब्बाको अस्पताल लैजाने क्रममा निधन भएको परिवार सूत्रले जनाएको छ। प्रनिल जोगी खरसाङको सिंगेल चियाबारी अन्तर्गत कोठीधुरा निवासी रहेको तथा पेशाले जेसीबीको ड्राइभर रहेको थाहा लागेको छ भने प्रनिल सामान्तको फुपूको छोरा रहेको बताइएको छ।

**अनित थापा**

पहाडमा खन्दै त्यसै राखिएका ठाउँहरूका कारण प्राकृतिक प्रकोपको घटना घट्ने गर्दछ, यद्यपि यो खन्ने कार्य जनसाधारणको मांगमा नै गरिएको हुन्छ। तर पनि यस विषयमा जिल्ला शासक र आपदा प्रबन्धन विभागसित बसेर केही नियम बनाउन आवश्यक रहेको देखिएको छ। उक्त कुरा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाले आज भन्नु भएको छ। उहाँले दार्जिलिङ जिल्ला अन्तर्गत बिजनबारी खण्डको गोक एक ग्राम पञ्चायतको लोवर गोकमा ढुङ्गाले थिचेर मृत्यु भएको खरसाङको सिंगेल चियाबारी अन्तर्गत कोठीधुरा निवासी एक व्यक्तिको पोस्टपोर्टमको समय दार्जिलिङमा पुग्नु भएर पत्रकारहरुलाई

सम्बोधन गर्दै उक्त कुरा भन्नु भएको छ।

**लङभ्यू चिया बगानको श्रमिकहरूद्वारा पीएफ कार्यालयमा धरना**

सन् 2013 देखि लङभ्यू चिया बगानको मालिकले नियमित रुपमा पीएफ राशि जम्मा नगरेको विषयलाई लिएर आज हिल प्लान्टेसन इम्प्लोइज युनियनले सिलगढी रिजनल पीएफ कार्यालयमा धरना प्रदर्शन गऱ्यो। भुक्तभोगी लङभ्यू चिया बगानका श्रमिकहरूले आज दिउँसो दार्जिलिङ मोडबाट सिलगढी जंक्शनसम्म जुलूस निकालेका थिए। जंक्शन परिसरमा अवस्थित रिजनल पीएफ कार्यालय पुगेको उक्त जुलूस धरनामा परिणत भयो। धरनामा सयौँ चिया श्रमिकहरू उपस्थित थिए। धरना अवधि युनियनका केन्द्रिय समिति सचिव छेवाङ योञ्जन, सदस्य तनुजा लामा, लङभ्यू टुनिटका सचिव विन्ध्य थापा, सहसचिव सजिना योञ्जन र सदस्य कविता पाख्रनले रिजनल पीएफ कमिस्नर एसएन घोषसँग भेट गरी 2013 देखि मालिकले पीएफ जमा नगरेको विषयबारे अवगत गराए।कमिस्नरसँगको भेट अवधि यी प्रतिनिधि टोलीले दुईवटा ज्ञापन पत्र पनि पेश गरेको छ। ज्ञापन पत्रमा पीएफ कानुनको धारा 7 ए अन्तर्गत कम्पनी विरूद्ध कारबाही गर्नुपर्ने माग गरिएको छ भने अर्को ज्ञापन पत्रमा बगान स्तरमा देखा परेको पीएफ सम्बन्धित समस्याहरू जस्तै, नाम, जात, लिङ्ग, सम्पर्क नम्बर आदिको संशोधन, अनलाइन प्रक्रियामा समस्या आदि उल्लेख छन्।यता, कमिस्नर घोषले श्रमिक प्रतिनिधिहरूलाई सम्बोधन गर्दै आगामी 30 जुलाईको दिन बगान स्तरमा एउटा क्याम्प राख्ने आश्वासन दिएका छन् भने कम्पनी मालिक विरूद्ध पनि चरणबद्ध रुपमा कारबाही शुरू गर्ने आश्वासन दिनु भएको जानकारी प्राप्त भएको छ।

**डा. राजेन्द्र भण्डारी - मातृभाषा सेवाश्री सम्मान**

लैनसिंह बाङ्देल साहित्य-कला प्रतिष्ठान कलकत्ताले सधैँ झैं यसवर्ष पनि 33औँ भाषा मान्यता दिवस भव्य रुपमा पालन गर्ने निधो गरेको छ। लैनसिंह बाङ्देल साहित्य-कला प्रतिष्ठानको सभामा निर्णय गरिए अनुसार, भारतीय नेपाली साहित्यका प्रतिनिधि कवि, वरिष्ठ साहित्यकार डा. राजेन्द्र भण्डारीले नेपाली भाषा र साहित्यको विकासमा पुऱ्याएको योगदानको कदर गर्दै उहाँलाई यसवर्षको मातृभाषा सेवाश्री सम्मानले सम्मानित गरिने छ।
त्यसै गरी, प्रतिवर्ष प्रदान गरिने वीर खड्गबहादुर सिंह विष्ट समाज सेवा सम्मानले यस वर्ष रंगु सौरियालाई उहाँको निःस्वार्थ समाज सेवाको निम्ति सम्मानित गरिने भएको छ। बंगला साहित्यका वरिष्ठ आख्यानकार बिमल लामालाई उहाँको नुनको चिया उपन्यासको निम्ति प्रभात साहित्य सम्मानले सम्मानित गरिने भएको छ। यसबाहेक विद्यार्थीहरुमा आफ्नो दायित्व वोध गराउन एआई (आर्टिफिसियल इन्टिलिजेन) को युगमा मातृभाषा चुनौती र अवसर अनि सरकारी कामकाजमा मातृभाषाको प्रयोग शीर्षकमा निबन्ध प्रतियोगिता पनि राखिएको छ। यसमा उच्च विद्यालयका विद्यार्थीहरुले भाग लिन पाउने छन्।

****** ० ******